# अर्जुनचौपारी गाउँपालिका

## गाउँ कार्यपालिकाको बैठक

बैठक नं.-

बैठक मिति २०७९/०८/१६

अर्जुनचौपारी गाउँपालिकाका अध्यक्ष श्री प्रकाश तिवारी ज्यूको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक तपसिल बमोजिमका कार्यपालिकाका सदस्यज्यूहरु तथा गाउँपालिका सल्लहाकारज्यूहरुको उपस्थितीमा बसी तपशिल बमोजिमको एजेण्डाहरु माथी छलफल गरी निर्णय गरियो ।

| क्र.स. | पद | नाम, थर | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | श्री प्रकाश तिवारी | | |
| २ | उपाध्यक्ष | श्री सपना गुरुङ | | |
| ३ | सचिव | श्री उज्वल बहादुर बस्नेत | | |
| ४ | सदस्य | श्री रण बहादुर थापा | | |
| ५ | सदस्य | श्री धन बहादुर गुरुङ | | |
| ६ | सदस्य | श्री शोभाकान्त काफ्ले | | |
| ७ | सदस्य | श्री भुवान सिं गुरुङ | | |
| ८ | सदस्य | श्री बद्री प्रसाद पौडेल | | |
| ९ | सदस्य | श्री नारायण प्रसाद ढकाल | | |
| १० | सदस्य | श्री देवि लम्साल | | |
| ११ | सदस्य | श्री विन्दु जि.टी घर्ती | | |
| १२ | सदस्य | श्री प्रेम बहादुर नेपाली | | |
| १३ | सदस्य | श्री ज्योति के.सी ढकाल | | |
| १४ | सदस्य | श्री मिना सुनार | | |
| १५ | सदस्य | श्री राम बहादुर घर्ती | | |
| | | आमन्त्रीत | | |
| १६ | श्री कमल भण्डारी | क.अ. | | |
| १७ | श्री भरत पोखरेल | स्वकीय सचिव | | |
| | | | | |

# अर्जुनचौपारीगाउँपालिका

गाउँ कार्यपालिकाको बैठक

बैठक मिति २०७९/०८/१५

बैठक सं. [illegible]

**एजेण्डाहरुः**

१. विविध निर्णयहरु अनुमोदन सम्बन्धमा ।
२. कर्मचारीहरुको तहवृद्धि सम्बन्धमा ।
३. योजना कार्यान्वयन सम्बन्धमा ।
४. विविध ।

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा स्थानीय विपद् व्यवस्थापन समितिका राहत वितरण,पालिका स्तरीय क्रिकेट टिमलाई रु २५०००।- आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धी निर्णय, भौतिक पूर्वाधार (मोटरबाटो) निर्माण गर्ने क्रममा जग्गा बाटोमा पर्न गई पिडित हुनु भएका शालिकग्राम काफ्लेलाई रु १०,०००।- सहयोग गर्ने निर्णय सर्वसहमत अनुमोदन गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेश पोखराको च.नं. ४७५ मिति २०७९/०६/२५ को पत्र अनुसार स्थानीय सेवा (गठन तथा संचालन) अध्यादेश, २०७९ बमोजिम कर्मचारीहरुको तह वृद्धि गर्ने सम्बन्धी परिपत्र अनुसार गाउँपालिकाको मिति २०७९/०८/०६ मा प्रकाशित सूचना नं. ०१/२०७९/०८० (तह वृद्धि) बमोजिम निवेदन प्राप्त भएकोमा स्थानीय सेवा (गठन तथा संचालन) अध्यादेश, २०७९ को दफा ९ (१), र ९ (२)बमोजिम तपसिल बमोजिमका कर्मचारीहरुको तह वृद्धि गर्ने सर्वसहमत निर्णय गरियो ।

तपसिलः

| सि.नं. | नाम, थर | साविकतह | कायमगरिएको तह | कैफियत |
|---|---|---|---|---|
| १ | श्री सुदिप आचार्य | ईन्जिनियर (छैटौं) | ईन्जिनियर (सातौं) | दफा ९ (१)बमोजिम |
| २ | श्री सुदर्शन रेग्मी | लेखाअधिकृत (छैटौं) | लेखा अधिकृत (सातौं) | दफा ९ (२)बमोजिम |

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा आ.व. २०७९/०८० को लागि गाउँ सभाबाट पारित भएका सम्पूर्ण योजना/कार्यक्रमहरुको मंसिर मसान्त भित्र योजना सम्झौता गरी कार्यान्वयन गर्ने सर्वसहमत निर्णय गरियो ।

**निर्णय नं. ४**

१. प्रस्ताव नं. ४ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिकाको कन्टिन्जेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि, २०७९ पारित गरी कार्यान्वयन गर्ने सर्वसहमत निर्णय गरियो ।

# अर्जुनचौपारीगाउँपालिका

गाउँ कार्यपालिकाको बैठक

बैठक मिति २०७९/०८/१६

बैठक नं.-७

२. प्रस्ताव नं. ४ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिका वडा नं. वडा नं. १ निवासी गुरे बहादुर दमैको आमाको र अर्जुनचौपारी गाउँपालिका वडा नं. ४ निवासी सुमन गुरुङको मृत्यु भएकोले निजको पारिवारिक आर्थिक अवस्था ज्यादै न्यून भएको हुँदा काजक्रिया खर्च बापत रु गुरे बहादुर दमैको परिवारलाई १०,०००।- र सुमन गुरुङको परिवारलाई २५,०००।- आर्थिक सहयोग गर्ने सर्वसहमत निर्णय गरियो ।

३. प्रस्ताव नं. ४ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिका वडा नं. ५ को वडा कार्यालयको पर्खाल मिति २०७९ भाद्र ३ गते आएको अविरल बर्षाको कारणबाट भत्किएको हुँदा उक्त पर्खाल पुनःनिर्माण गरी विपद् व्यवस्थापन कोषबाट भुक्तानी गरिएकोमा सो भुक्तानी अनुमोदन गर्ने सर्वसहमत निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिका वडा नं. १ साविक अर्जुनचौपारी गा.वि.स. वडा नं. ४ कि.नं. ८५६ क्षेत्रफल ४१-८-१-०को जग्गा संघीय सरकारबाट अनुदान प्राप्त गरी बन्ने १० शैयाको अस्पताल निर्माण र साविक अर्जुनचौपारी गा.वि.स. वडा नं. २, हाल अर्जुनचौपारी गाउँपालिकावडा नं. १ कि.नं. ११९६ क्षेत्रफल ३५-७-२-३ को जग्गा औद्योगिकग्राम निर्माणको लागि सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ बमोजिम गाउँपालिकाको स्वामित्वमा ल्याउने सर्वसहमत निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिका वडा नं. ४ स्थित श्री जन मा.वि.को भवन जीर्ण अवस्थामा रही पठनपाठनमा समस्या भएको हुँदा उक्त भवन निर्माण गर्न गाउँपालिकाको श्रोतसाधले संभव नहुने हुँदा राष्ट्रिय योजना आयोग काठमाण्डौलाई सिफारिस गर्ने सर्वसहमत निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा निर्माणाधीन प्रशासकीय भवनको ठेक्का नं. ACRM/NCB/W/BLD/01/2077/078Construction of Administrative Building of Arjunchaupari Rural Municipality भवन निर्माणको जिम्मा लिएको किरातेश्वर कन्स्ट्रक्शन एण्ड ड्रिलिङ्ग कम्पनी लिमिटेडले मिति २०७९/०८/१४ मा संघ/प्रदेशको चुनाव, निर्माण सामाग्री बजारमा अभाव भएकोको कारण जनाई ३ महिना म्याद थप गरिदिनुहुन भनी कार्यालयमा पत्राचार गरेकोमा प्रदेश एवं संघबाट समपुरक अनुदान प्राप्त भै नसकेकोले उक्त ठेक्काको म्याद मिति २०७९ फाल्गुण मसान्त सम्म थप गर्ने सर्वसहमत निर्णय गरियो ।

Prakash

CamScanner